नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३० | अंक २३३ | २०७८ साल बैशाख ७ गते मंगलबार (20 Apr. 2021 Tuesday) | मूल्य रु. ५/-

**Log on :** *rajbirajdainik.com.np*

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- संक्रामक रोग फैलाउनेलाई दश वर्षसम्म कैद र एकलाख रुपैयाँसम्म जरिवाना हुने,
- एच.आई.भि वा हेपाटाईटिस बी को रोग फैलाउनेलाई दश वर्षसम्म कैद र एकलाख रुपैयाँसम्म जरिवाना हुने,
- यातना दिनेलाई पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- व्यक्ति बेपत्ता पार्नेलाई पन्ध्र वर्षसम्म कैद र पाँचलाख रुपैयाँसम्म जरिवाना हुने,
- अपहरण गर्ने वा शरीर बन्धक लिनेलाई सात वर्षदेखि दश वर्षसम्म कैद र सत्तरी हजार देखी एक लाख रुपैयाँसम्म जरिवाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : सकियो धरहरा पुनःनिर्माण, ... ३ पृष्ठमा : वनक्षेत्रको जग्गा दर्ता ... ३ पृष्ठमा : अफगानिस्तानको ...

## नवनिर्वाचित पत्रकारले गरे पदस्थापन



**दैनिक समाचारदाता**
**राजविराज, ६ बैशाख ।**

पत्रकार महासंघ शाखा सप्तरीका नवनिर्वाचित पदाधिकारीहरुलाई सोमबार एक कार्यक्रमको आयोजना गरि पदस्थापना गरिएको छ ।

राजविराजस्थित शाखाको सभाकक्षमा आयोजित कार्यक्रमबीच नवनिर्वाचित अध्यक्ष श्रवण देवसहित सम्पूर्ण पदाधिकारी, प्रदेश तथा केन्द्रिय परिषद् सदस्यको पदस्थापना गरिएको हो ।

निवर्तमान अध्यक्ष जितेन्द्र खड्गाको अध्यक्षता तथा प्रदेश २ मिडिया काउन्सीलका अध्यक्ष शिवहरि प्रसाद भट्टराईको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा प्रदेश २ आमसंचार प्रतिष्ठानका अध्यक्ष श्यामसुन्दर यादव, पत्रकार महासंघ प्रदेश २ का सचिव भोला पासवान, प्रमुख जिल्ला अधिकारी फणिन्द्रमणि पोखरेल, सशस्त्र प्रहरी उपरिक्षक राजु श्रेष्ठ, पूर्वसभापति बैजनाथ झा, धिरेन्द्र साह, विष्णु मण्डल, प्रकाश खतिवडा, प्रेस स्वतन्त्रता सेनानी रामनारायण देव, वरिष्ठ पत्रकार अनिल कुमार अनल, उद्योग बाणिज्य संघका अध्यक्ष अरुण प्रधान, नागरिक समाजका अध्यक्ष थानसिंह भन्साली, पत्रकार महासंघका निवर्तमान केन्द्रिय सदस्य अवधेश झा, गैसस महासंघका केन्द्रिय उपाध्यक्ष ध्रुब देव, जिल्ला अध्यक्ष शम्भुनन्द चौधरी लगायतले शुभकामना दिएका थिए ।

सो अवसरमा नवनिर्वाचित पदाधिकारीहरुले पत्रकारीता क्षेत्रको मर्यादा, पेशागत हकहितको सुरक्षा र लोकतन्त्रको हीतमा आफूहरु काम गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

गत चैत २५ गते सम्पन्न नेपाल पत्रकार महासंघ सप्तरीको निर्वाचनबाट जिल्ला अध्यक्षमा श्रवण देव, उपाध्यक्षमा बैधनाथ यादव, महिला उपाध्यक्षमा अम्बिका दाहाल, सचिबमा रामनारायण बिश्वास, सह सचिबमा चन्दन कुमार यादव, समाबेशी सह सचिबमा गोपाल प्रसाद गुप्ता, कोषाध्यक्षमा नवीन गुप्ता निर्वाचित हुनुभएको थियो ।

यस्तै खुल्ला सदस्यहरुमा बिध्यानन्द राम, राजेन्द्र मिश्रा, दिनानाथ यादव, खगेन्द्र कार्की, कृष्णा कुमार मण्डल (आदिवासी जनजाति), परिष कर्ण (मधेसी ) सदस्यमा निर्वाचित हुनुभएको थियो । राज कुमार पासवान ( दलित ) रश्मि झा (महिला) सदस्यमा निर्बिरोध चयन हुनुभयो । यस्तै प्रदेश परिषद सदस्यहरुमा बृजमान तामाङ, शिव नारायण साह, देबेन्द्र मिश्रा, बिन्दु भट्टराई, दिनेश शर्मा,राम अधीन साह, अरुण कुमार तिवारी निर्वाचित हुनुभयो । यसैगरी राष्ट्रिय परिषद सदस्यमा सुखराम यादव, ढमला भट्टराई, मनोज कुमार माझी निर्वाचित हुनुभएको थियो ।

## गर्भपतन मुद्दामा फरार प्रतिवादी एक बृद्ध पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, ६ बैशाख ।**

गर्भपतन मुद्दामा अदालतबाट कैद सजाय तोकिएर फरार भएका ६५ वर्षिय प्रतिवादी पक्राउ परेका छन् ।

अदालतबाट फैसला भएको चार वर्षपछि सप्तरीको सुरुङा नगरपालिका ६ निवासी फेकु राम पक्राउ परेका हुन् ।

सोही वडा निवासी रामबाबु यादवको जाहेरीले प्रतिवादी राममाथी चलाइएको गर्भपतन मुद्दा उपर २०७३ साल चैत १६ गते सुनुवाई गर्दै सप्तरी जिल्ला अदालतले एक वर्ष १ महिना कैद सजाय फैसला गरेको थियो । आदेश लगत्तै राम फरार भएका थिए ।

घरमै लुकीबसेको गोप्य सूचनाको आधारमा सोमबार इलाका प्रहरी कार्यालय कडोरबोनाबाट खटेको टोलीले पक्राउ गरेको प्रहरी नायब उपरिक्षक माधव प्रसाद काफ्लेले जानकारी दिएका ।

रामलाई सोमबारै अदालतमा उपस्थित गराइएको र आदेश अनुसार कैद भुक्तानका लागि राजविराज कारागार चलान गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## हतियारसहित सप्तरीका मन्सुरी सुनसरीमा पक्राउ

**दैनिक समाचारदाता**
**सुनसरी, ६ वैशाख ।**

सप्तरीका एक व्यक्ति सुनसरीको कोशी गाउँपालिका ४ स्थित जुद्धगञ्जबाट हतियारसहित पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा सप्तरी

*बाँकी दुई पृष्ठमा*




## जलाशयमा मनाउने छट पर्व अधिकांशले छतमै मनाए



**दैनिक समाचारदाता**
**राजविराज, ६ बैशाख ।**

उदाउँदो सूर्यलाई अर्घ्य दिँदै श्रद्धा, निष्ठा र लोकआस्थाको छठ पर्व सोमबार सम्पन्न भएको छ ।

चैत शुक्लपक्षको षष्ठी तिथिका दिन आइतबार अस्ताउँदो सूर्यलाई पहिलो अर्घ्य दिएका बर्तालुले सोमबार बिहान उदाउँदो सूर्यलाई दोस्रो अर्घ्य दिँदै पर्व सम्पन्न गरेका हुन् ।

कोरोना संक्रमणका कारण भिडभाड नगर्न स्थानिय प्रशासनले आग्रह गरेपछि सप्तरीका कतिपय श्रद्धालुले घरको छतमै जलाशय बनाई चैती छठ पर्व मनाएका छन् ।

यसअघि गत शुक्रबार चौथीका दिन 'नहाय-खाय' विधिबाट व्रत सङ्कल्प गर्दै पर्व शुरु गरेका बर्तालुले शनिबार पञ्चमी तिथिमा दिनभरि निराहार व्रत बसी राति सक्खरमा पकाइएको खिरमात्र खाएर 'खरना' विधि सम्पन्न गरेका थिए ।

पारिवारिक सुख, शान्ति, कल्याण, रोगबाट मुक्ति तथा विभिन्न मनोकांक्षा पुरा हुने उद्देश्यले श्रद्धापूर्वक मनाइने चैती छठ पर्व अधिकांश ब्रतालुले घरमै मनाउन थालेपछि सोमबार जिल्लाका अधिकांश नदी, पोखरी लगायतका जलाशयमा भक्तजनहरुको उपस्थिति पातलिन पुगेको छ ।

कोरोनाको जोखिमलाई ध्यानमा राखी प्रशासनले गरेको आग्रह हाम्रै सुरक्षाका लागि भएकाले भिडभाड नगरि यस पल्ट घरको छतमै जलाशय बनाई छठ पर्व मनाएको राजविराज ८ का नितु साहले बताईन् । कोरोना संक्रमितको संख्या दिनानु दिन बढ्दै गएको अवस्थामा जोखिम मोलेर भिडभाडमा गएर पर्व मनाउनु भन्दा घरमै मनाउनु वेश रहेको उनको भनाई थियो ।

यता केही ब्रतालुले प्रशासनको आग्रहको वेवास्ता गर्दै जलाशय किनारमै पुगि छठ पर्व मनाएका छन् । यद्दपी ती स्थानमा ब्रतालु र दर्शानार्थीको उपस्थिती भने निकै कम देखिएको थियो ।

# सकियो धरहरा पुनःनिर्माण, अवलोकनका लागि समय लाग्ने

काठमाडौँ, ६ वैशाख (रासस)।

धरहरा चढेर काठमाडौँ शहर नियाल्ने रहर पूरा गर्न नेपाली जनताले अब धेरै समय कुर्नुपर्ने छैन। अहिले ऐतिहासिक धरहरा टावरको पुनःनिर्माण कार्य पूरा भएसँगै रङ्ग लगाउने काम भइरहेको छ। यही वैशाख ११ गते उद्घाटन गर्ने तयारीस्वरुप अहिले रङ्ग लगाउने काम भइरहेको हो।

मङ्गलबार टावरको साजसज्जाको सम्पूर्ण काम सकिने छ। यही वैशाख ११ गते ११:०० बजे उद्घाटनको तयारी गरिएको राष्ट्रिय पुनःनिर्माण प्राधिकरणका सम्पदा विज्ञ राजुमान मानन्धरले जानकारी दिनुभयो। भूकम्पले भत्काएको संरचना पुनःनिर्माण भए पनि अन्य केही संरचना निर्माणको काम सम्पन्न नभएकाले तत्काल सर्वसाधारणका लागि खुला हुने छैन। त्यसका लागि आगामी मङ्सिरसम्म समय लाग्ने बताइएको छ।

सम्पदा विज्ञ मानन्धरका अनुसार प्रधानमन्त्री केपी शर्मा ओलीले उद्घाटन गर्ने गरी तयारी भइरहेको जानकारी दिनुभयो। विसं २०७२ को विनाशकारी भूकम्पबाट धरहरालगायत ऐतिहासिक सम्पदा ध्वस्त भएका थिए। भूकम्प गएको तीन वर्षपछि मात्रै यस सम्पदाको पुनःनिर्माणको कामले गति लिएको हो। गोरखा भूकम्पले ढलेको धरहरा पुनःनिर्माणको प्रधानमन्त्री ओलीले विधिवत्‌रुपमा २०७५ पुस १२ गते उद्घाटन गर्नुभएको हो।

निर्माण कम्पनीले निर्माणको काम दुई वर्षको अवधिमा सम्पन्न गर्ने लक्ष्य लिएको भए पनि अहिले टावरको कामले मात्र पूर्णता पाएको छ। समग्ररुपमा अहिले ६० प्रतिशत मात्र काम सकिएको छ। धरहरा पुनःनिर्माणको योजना प्रबन्धक श्याम श्रेष्ठका अनुसार आफूहरुले प्राधिकरणसँग थप २१ महीनाको समय माग गरेको तर आठ महीना मात्रै थपिएको छ। त्यसकारण थप समयभित्र सबै काम सक्न मुश्किल रहेको बताइएको छ।

"धरहरा निर्माणको मुख्य काम सकिन्छ तर सौन्दर्यकरण र पार्किङको काम पनि धेरै रहेकाले फेरि समय थप्नुपर्ने हुनसक्छ", प्रबन्धक श्रेष्ठले भन्नुभयो। रमन कन्सट्रक्सनले ठेक्का पाएको धरहराको पुनःनिर्माणमा रु तीन अर्ब ४८ करोड लाग्ने बताइएको छ। निर्माणका लागि अहिलेसम्ममा रु दुई अर्ब १० करोड सकिएको बताइन्छ।

पहिलाको धरहराभन्दा नयाँ बन्ने धरहराको चौडाइ ठूलो छ। त्यसमा दुई लिफ्ट पनि छन्। साथै एउटा परम्परागत भऱ्याङ रहनेछ। लिफ्ट र भऱ्याङ दुईवटै माध्यमबाट धरहरा चढ्न सकिने व्यवस्था गरिने छ। बयालिस रोपनी क्षेत्रफलमा निर्माण गरिएको धरहरामा बगैँचा, सङ्ग्रहालय, रङ्गीन जल फोहरा, प्रदर्शनी हल, पार्किङस्थल, पसललगायत रहने छन्। धरहरा बाहिरबाट हेर्दा ११ तलाको हुने भए पनि भित्र भने २२ तलाको र उचाइ ७२ मिटर तथा ४८ फिटको बेश रहनेछ।

धरहरा परिसरमा पार्किङसहित रेष्टुराँ, बगैँचा, पुस्तकालयलगायतका सुविधा हुने छन्। गोश्वारा हुलाक भएको स्थानमा पार्क बनाउनका लागि अहिले उक्त भवन भत्काइसकिएको छ। पार्कभित्र बस्ने ठाउँ, ढुङ्गेधारा, हरियाली, चमेनागृह हुनेछ। धरहरामा पढ्न चाहने, ध्यान गर्न चाहने या बस्न चाहने सबैका लागि सुविधा उपलब्ध हुनेछ।

बालबालिका तथा ज्येष्ठ नागरिकमैत्री हुने र त्यहाँ आउने अवलोकनकर्ता सवारी साधनको व्यवस्थित पार्किङ गर्न सकिने गरी पुनःनिर्माण भइरहेको छ। पुरातात्विक हिसाबले महत्व बोकेका काठमाडौँलाई सुरक्षित र आकर्षित बनाउन ऐतिहासिक सम्पदाको पुनःनिर्माण अत्यावश्यक भएको काठमाडौँ महानगरपालिकाको भनाइ छ।

धरहराको १८औँ तलामा अवलोकलन कक्ष हुनाका साथै धरहरा परिसरमा म्युजियम, वाटर फाउन्टेन, बगैँचा, रेष्टुरेन्टका साथै अत्याधुनिक पार्किङको व्यवस्था गरिनेछ। त्यहाँ ३५० गाडी र छ हजार मोटरसाइकल पार्किङ गर्न मिल्ने बताइएको छ।

विगतको ११ तले धरहरा विसं १९९० सालको भूकम्पको कारण क्षतिग्रस्त भएपछि नौ तला रहेको थियो। ऐतिहासिक धरोहर धरहरा विसं १८३२ मा भीमसेन थापाले निर्माण गर्नुभएको हो। गोश्वारा हुलाक कार्यालयलाई अहिले बबरमहलको आपूर्ति व्यवस्था विभागको प्राङ्गणमा सारिएको हुलाक सेवा विभागका सूचना अधिकारी यज्ञराज भट्टले जानकारी दिनुभयो।

गोश्वारा हुलाक ५० वर्षअघिदेखि सुन्धाराबाट सञ्चालित थियो। हुलाक भवन भएका ठाउँमा धरहराको तीनतले अण्डरग्राउण्ड पार्किङ बन्नेछ। हुलाकसँगै धरहरामा जोडिएको नेपाल राष्ट्र बैंकअन्तर्गतको टक्सार विभाग पनि विस्थापन भएको छ। टक्सार विभागलाई बबरमहलमै वन विभागसँगै सारिएको छ।

कर्मचारी सञ्चय कोष पहिलेकै स्थानमा रहेको छ भने त्यहाँ रहेको ढुङ्गे धारालाई थप संरक्षण गर्ने तयारीअनुरुप काम भइरहेको म्यानेजर श्रेष्ठको भनाइ छ। ऐतिहासिक ढुङ्गेधारा भएकाले त्यस धारामा निरन्तर पानी बग्ने व्यवस्था गर्न लागिएको छ। निरन्तररुपमा पानी बग्ने बनाइएपछि उक्त धाराबाट बगेको पानीका लागि ढलको व्यवस्था गरी त्रिपुरेश्वरमा निकास दिने तयारी छ।

# अठार वर्षपछि विश्व हिन्दू महासङ्घमा एकता, हिन्दू राष्ट्र मूल लक्ष्य

काठमाडौँ, ६ वैशाख (रासस)।

विश्व हिन्दू महासङ्घका दुई समितिबीच रामनवमीको अवसर पारेर वैशाख ८ गते राजधानीमा एकता घोषणा हुने भएको छ।

दुई समितिबीच एकताका लागि आइतबार सहमति भएको नेपाल राष्ट्रिय समिति दर्ता नं. ३३८ कलङ्कीका अध्यक्ष एवं पूर्वमन्त्री डा रामचन्द्र अधिकारीले राससलाई जानकारी दिनुभयो। सबै हिन्दू धर्मावलम्बीलाई एकताको सूत्रमा आबद्ध गर्न महासङ्घ अन्तर्राष्ट्रिय समिति अन्तर्गतको राष्ट्रिय समिति र राष्ट्रिय समिति दर्ता नं. ३३८ कलङ्कीका बीच आइतबार सहमति भएको हो।

एकता गर्ने सहमतिलाई महासङ्घ अन्तर्राष्ट्रिय समितिले पनि अनुमोदन गरेको महासचिव अस्मिता भण्डारीले जारी गर्नुभएको विज्ञप्तिमा उल्लेख छ। संसारभरका हिन्दू ओमकार परिवारको छाता संस्थाका रूपमा विसं २०३७ मा महासङ्घ अन्तर्राष्ट्रिय समिति स्थापना भएको थियो। तत्कालीन राजा वीरेन्द्र र राष्ट्र गुरु योगी नरहरिनाथको सङ्कल्पले महासङ्घ अन्तर्राष्ट्रिय समिति स्थापना भएको हो।

जसको संस्थापक सभापति पूर्वप्रधानमन्त्री नगेन्द्रप्रसाद रिजाल हुनुहुन्थ्यो। समितिलाई संयुक्त राष्ट्र सङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (युनेस्को) ले पनि मान्यता दिएको राष्ट्रिय समितिका महासचिव अरुणकुमार पाण्डेले सुनाउनुभयो। अन्तर्राष्ट्रिय समितिअन्तर्गत ३७ देशमा राष्ट्रिय समिति छन्। भारत, अमेरिका, बेलायत, पाकिस्तान, बङ्गलादेशलगायत हिन्दू भएका देशमा राष्ट्रिय समिति क्रियाशील छन्।

महासङ्घ अन्तर्राष्ट्रिय समितिअन्तर्गत विसं २०४५ मा राष्ट्रिय समिति स्थापना भएको हो। जसको संस्थापक सभापति पूर्वमन्त्री अच्युतराज रेग्मी हुनुभएको महासङ्घले जनाएको छ। विसं २०६० मा अन्तर्राष्ट्रिय समितिका सभापति भरतकेशर सिंह र राष्ट्रिय समितिका सभापति नारायणप्रसाद पोखरेलबीचको विवादले महासङ्घ दुईवटा बनेको थियो। अन्तर्राष्ट्रिय समितिका सभापति सिंहले राष्ट्रिय समितिका सभापति पोखरेललाई कारवाही गरेपछि ३३८ दर्ता नं. मा अर्को राष्ट्रिय समिति दर्ता भएको थियो। जसको कार्यालय कलङ्कीमा स्थापना गरिएको थियो।

विसं २०६० मा महासङ्घ फुटेसँगै विसं २०६३ मा नेपाल धर्म निरपेक्ष घोषणा भएको निष्कर्ष निकाल्दै एकजुट भएको महासचिव पाण्डेले सुनाउनुभयो। महासङ्घको मुख्य उद्देश्य नेपाललाई सनातन हिन्दू राष्ट्रका रूपमा स्थापित गर्ने रहेको छ। धर्म निरपेक्षतापछि प्रभावमा पारेर धर्म परिवर्तन गराउने क्रम बढेकामा दुवै समितिले आपत्ति जनाउँदै आएका छन्। सनातन धर्ममाथिको आक्रमण रोक्न सबै हिन्दू संस्थाबीच एकता गर्ने अभियानअन्तर्गत पहिलो चरणमा १८ वर्ष अघि दुई भएका संस्थाबीच एकता गरिएको समितिका अर्का महासचिव गणेशप्रसाद न्यौपानेले बताउनुभयो। जसका लागि दुवै समितिबीच एकता गर्न १८ बुँदे सहमति भएको छ।

सहमतिअनुसार कार्यकारी सभापति अधिकारी र मानार्थ सभापति राजेन्द्रकुमार भण्डारी रहनुहुने भएको छ। दुवैतर्फका पदाधिकारी एवं सदस्य अर्को महाधिवेशन नभएसम्म कायम गर्ने सहमति भएको छ। कुनै विषयमा विवाद भएमा कार्यकारी र मानार्थ सभापति संयुक्त रूपमा गरेका निर्णयलाई नै आधिकारिक मानिने सहमति पत्रमा उल्लेख छ।

दुई समितिबीच एकता भएकामा विश्व हिन्दू युवा सङ्घलगायत विभिन्न संस्थाले खुसी व्यक्त गरेका छन्। महासङ्घ राष्ट्रिय समितिलाई पारदर्शी एवं सक्रिय संस्थाका रूपमा अघि बढाउन पनि आह्वान गरिएको छ।

# आधुनिक तथा प्राविधिक शिक्षाले नै समृद्ध राष्ट्र बनाउन सकिन्छ : मुख्मन्त्री राउत

पर्सा, ६ वैशाख (रासस)।

देशकै आर्थिक राजधानीका रूपमा रहेको वीरगञ्जलाई प्राविधिक शिक्षाको केन्द्र बनाउने उद्देश्यका साथ प्रदेश नं २ सरकारले सोमबार वीरगञ्जमा सरोकारवालाहरूसँग अन्तरक्रिया गरेको छ। वीरगञ्जमा विज्ञान तथा प्रविधि विश्वविद्यालय सञ्चालनका लागि प्रदेश सरकारले तयार पारेको विधेयकको विषयमा सरोकारवालाहरूसँग अन्तरक्रिया गरी राय सुझाव सङ्कलन गरेको छ।

सामाजिक विकास मन्त्रालय प्रदेश नं २ जनकपुरधामले आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा सहभागी रहेका वक्ताहरूले वीरगञ्जमा स्थापना गर्न लागिएको विज्ञान तथा प्राविधिक विश्वविद्यालयलाई राजनीतिक कार्यकर्ता भर्ती केन्द्र बनाउनबाट जोगाउन स्वायत्त संस्थाका रूपमा विकास गर्न सुझाव दिएका छन्। वीरगञ्जमा रहेको ठाकुरराम बहुमुखी क्याम्पसलाई केन्द्रका रूपमा राखी विश्वविद्यालय बनाउन सुझाव दिँदै वक्ताहरूले विश्वविद्यालय सञ्चालनका लागि आवश्यक आर्थिक स्रोतको अभाव हुन नदिन गहन अध्ययन गरी नीति नियम बनाउन प्रदेश सरकारलाई सुझाव दिएका छन्।

अन्तरक्रियामा प्रदेश नं २ का मुख्यमन्त्री लालबाबु राउतले विज्ञान प्रविधिको युगमा पुरातन शिक्षाले चाहेको जस्तो विकास हासिल गर्न नसकिने धारणा व्यक्त गर्नुभयो। उहाँले आजको युग विज्ञान तथा प्रविधिको युग भएकाले पुरानो शिक्षा पद्धतिलाई विस्थापित गर्दै अबका युवालाई प्राविधिक शिक्षा दिन सकिए चाहेको जस्तो समृद्ध चाँडै हासिल गर्न सकिने बताउनुभयो।

आधुनिक शिक्षा नै आजको आवश्यकता भएकाले प्रदेशका विभिन्न जिल्लामा प्रदेश सरकारले प्राविधिक शिक्षाका लागि विषयगत विश्वविद्यालय खोल्ने तयारीमा लागेको मुख्यमन्त्री गद्दीले जानकारी दिनुभयो। उहाँले जनकपुरमा स्वास्थ्य विज्ञान प्रतिस्थान, सप्तरीमा कृषि विश्वविद्यालय र वीरगञ्जमा विज्ञान तथा प्राविधिक विश्वविद्यालय सञ्चालनको तयारीमा प्रदेश सरकार रहेको बताउनुभयो।

कार्यक्रममा सहभागी रहेका प्रदेश नं २ का सामाजिक विकासमन्त्री नवलकिशोर साहले प्राविधिक तथा विषयगत शिक्षाको 'हब' बनाउन सकिने प्रचुर सम्भावना भएकै कारणले प्रदेश सरकारले विभिन्न जिल्लामा प्राविधिक तथा विषयगत विश्वविद्यालय स्थापना गर्न अग्रसरता लिएको जानकारी दिनुभयो। उहाँले प्रदेशका विभिन्न जिल्लामा विषयगत तथा प्राविधिक विश्वविद्यालय खोल्न प्रदेशसभाले समेत अनुमति दिइसकेको बताउँदै उहाँले चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममा केही बजेटसमेत विनियोजन गरिएको जानकारी दिनुभयो।

### हतियारसहित ...

कञ्चनरुप नगरपालिका-१ का २४ वर्षीय जमाल भन्ने तालीम मन्सुरी रहेको सुनसरी प्रहरीले जनाएको छ।

पक्राउ परेका मन्सुरीका साथबाट एक थान कटुवा पेस्तोल र दुई राउन्ड गोली बरामद गरेको हो। सोमबार जिल्ला प्रहरी कार्यालय सुनसरीले सार्वजनिक गर्दै अस्थायी प्रहरी पोष्ट शिवचौकबाट खटिएको प्रहरी टोलीले चेकजाँचका क्रममा मन्सुरीलाई नियन्त्रणमा लिएको जनाएको छ।

रोजा पर्व मनाउनका लागि ससुराली घर जुद्धगञ्जमा आएको बेलामा विशेष सुराकीका आधारमा नियन्त्रणमा लिएको प्रहरीको भनाइ छ। मन्सुरीको विषयमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ।

पुरानो रोगको उपचारको लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# वनक्षेत्रको जग्गा दर्ता गराउन राजनीतिक दौडधूप

महोत्तरी, ६ वैशाख (रासस)।

अव्यवस्थित बसोबास व्यवस्थित गर्न भूमिसम्बन्धी समस्या समाधान आयोगले काम थालेलगत्तै जिल्लामा वन क्षेत्र अतिक्रमण गर्नेले जग्गा दर्ता गराउन राजनीतिक दौडधुप शुरु गरेका छन्। जिल्लाको बर्दिबास नगरपालिका-१ र ३ मा पर्ने नेवारडाँडा कामीडाँडा सामुदायिक वनक्षेत्रको जग्गा कब्जा गर्नेले अहिले सो जग्गा आफ्ना नाउँमा दर्ता गराउन राजनीतिक दौडधूप सघन बनाएका वनक्षेत्र नजिकका बासिन्दाको भनाइ छ।

सरकारले गठन गरेको जिल्लास्तरीय आयोगले जिल्लाका बर्दिबास र गौशाला नगरपालिकासँग सम्झौता गरेर अव्यवस्थित बसोबासका घरवासीलाई जग्गाधनी प्रमाणपूर्जा दिने प्रक्रिया थालेको छ। आयोगले काम अघि बढाएसँगै नेवारडाँडा कामीडाँडा सामुदायिक वनक्षेत्रको सो न्हबिघे भनिने प्लटमा अतिक्रमण गर्नेले आफ्ना नाउँमा जग्गा दर्ता गराउन दौडधूप बढाएका यहाँका सामाजिक कार्यकर्ताले टिप्पणी गरेका हुन्।

"ऐलानी पर्ती जग्गामा घर बनाएर बसेका गरीब निमुखालाई जग्गाधनी प्रमाणपूर्जा दिनु त ठिकै हो", बर्दिबास-१ का सामाजसेवी शङ्कर फुयाँल भन्नुहुन्छ, "यहाँ त देखादेखि वन मासेर जग्गा कब्जा गर्ने पुर्जा लिने लाममा देखिन्छन्।" वनको जग्गा गरीब, निमुखा र घरबारविहीनले नभई माफियाको कब्जामा रहेको उहाँको भनाइ छ। वनको सो न्हबिघे भनिने प्लटमा पूर्वप्रशासक, उच्च ओहदाका अधिकारी, धन्नासेठ व्यापारी, जग्गा दलाल र राजनीतिक पहुँच पुगेकाकै चलखेल रहेको उहाँले जानकारी दिनुभयो।

भूमिसम्बन्धी समस्या समाधान आयोग जिल्ला समितिले घरवासीलाई जग्गाधनी प्रमाणपुर्जा दिने प्रक्रियाअनुसार बर्दिबास-३ र ४ मा लगत सङ्कलन, स्थलगत प्रमाणीकरण सम्पन्न गरेर जग्गा नाप जाँचको काम थालेको छ। यस क्रममा वन अतिक्रमण गरेर साँध सीमा लगाएकाले पहुँचकै आधारमा जग्गा दर्ता गर्न दौडधूप बढाएका हुन्। दुई दशकअघि तत्कालीन वन मन्त्रालयले अतिक्रमण हटाएर वृक्षरोपण गराएकै क्षेत्रमा पछिल्लो एकदशकभित्र अतिक्रमण बढेको यहाँका सर्वसाधारण बताउँछन्।

भूमाफियाले गरीबगुरुवालाई झुक्याएर जग्गा नाउँमा गराइदिने लालच देखाउँदै बेचेर रकमसमेत हात पारेका कैयौं उदाहरण भेटिएको बर्दिबास-१ कै बासिन्दा कानून व्यवसायी टीकाध्वज खड्का बताउनुहुन्छ।

वन विभागले प्रत्येक तीन/तीन वर्षमा वनक्षेत्रको नक्साङ्कन गर्दै आएको छ। पछिल्लो पटक २०७६ सालमा बर्दिबास-१ र ३ मा पर्ने नेवारडाँडा कामीडाँडा सामुदायिक वन क्षेत्रको जम्मा ५८ दशमलव ३ हेक्टर (५८.३ हेक्टर) क्षेत्रफलमध्ये त्यतिखेर पाँच हेक्टर क्षेत्रफल अतिक्रमित भएको पुष्टि भएको थियो। अहिले अतिक्रमित क्षेत्र ह्वात्तै बढेको र हतारहतार हकभोग देखाउन घर बनाउनेको सङ्ख्या पनि निकै बढेको समाजसेवी फुँयाल बताउनुहुन्छ। यसअघि तीन वर्षअघिको नक्साङ्कनमा वन रहेमध्ये पछिल्लो पटकको नक्साङ्कनमा पाँच हेक्टर क्षेत्रफल नयाँ अतिक्रमण भएको डिभिजन वन कार्यालयले जनाएको छ।

वनक्षेत्र उजाडिने क्रममा राजनीतिक संरक्षण हुनाले अतिक्रमण गर्नेको हाकडाक निकै हुने गरेको नेवारडाँडा कामीडाँडा सामुदायिक वन उपभोक्ता समितिका पदाधिकारी बताउँछन्। पछिल्लो पटक २०७६ को प्रारम्भमै भएको पछिल्लो नक्साङ्कन गरिएयता जग्गा कज्याउनेहरुले 'अब तिम्रो खैरियत छैन'भन्दै धम्क्याउने गरेका सामुदायिक वन उपभोक्ता समितिका पदाधिकारी आफ्नो नाउँ बताउन हिच्किच्याउँदै बताउँछन्। "अतिक्रमित क्षेत्रको बढ्ता खोजीनीतिमा लाग्यौभने ठिक हुने छैन" आफूलाई यसरी धम्की आउने गरेको नाउँ बताउननचाहने समितिका पदाधिकारीको भनाइ छ।

यसैबीच डिभिजन वनकार्यालयले अतिक्रमित वनक्षेत्रको अतिक्रमण हटाउन स्थानीयतह, प्रदेश र सङ्घीय सरकारसँग समन्वय गरिँदै आइएको जनाएको छ। करीब तीन दशकअघिसम्म जिल्लामा २४ हजार हेक्टर वनक्षेत्र रहे पनि त्यसयता लगातार अतिक्रमण बढ्दै जाँदा अब अहिले वनक्षेत्र १६ हजार हेक्टरको सेरोफेरोमा झरेको छ।

सामुदायिक वनक्षेत्रको जग्गा अतिक्रमण हुँदा मन कुँडिए पनि बर्दिबासका सर्वसाधारण कब्जा गर्नेको राजनीतिक हैसियत र सामाजिक रवाफले मुख खोल्न भने सकेका छैनन्। "खै हजुर, हामीजस्ता गरीबको भए पो डोजर चल्थे त...!" सो वनक्षेत्र नजिकै सानो झुप्रोमा जिन्दगी गुजारी रहेका एक ६० वर्ष कटेका वृद्धले भन्नुभयो, "यहाँ त ठूलाबडाको जो कुरा छ।" बर्दिवासमा अब सामुदायिक वनक्षेत्रको अतिक्रमण हटाउन स्थानीय तह, प्रादेशिक र सङ्घीय सरकारसहित सम्बद्ध निकायले पहलकदमी बढाउन पर्ने र अव्यवस्थित बसोबासीलाई व्यवस्थित गरिने नाउँमा वनको जग्गा हिनामिना गर्न नहुने माग बढ्दै गएको छ।

यसैबीच जिल्लामा अव्यवस्थित बसोबास व्यवस्थित गर्ने र भूमिहीनलाई जग्गा प्रमाणपुर्जा दिने दायित्व पाएको भूमिसम्बन्धी समस्या समाधान आयोग जिल्ला समितिले सबै काम कानून र आफूलाई प्राप्त कार्यादेशका आधारमा हुने स्पष्ट पारेको छ। "हाम्रा सबै काम पारदर्शी हुन्छन्, छड्के बाटो हिँडेर लालपुर्जा पाउँछौं भन्ने कसैले नसोचे हुन्छ", आयोगका जिल्ला अध्यक्ष राजेन्द्र साह भन्नुभयो, "हामीलाई कानून र कार्यादेशले निर्देशित गर्छ, हामी त्यसैलाई टेकेर काम गर्छौं।" आयोगको मुख्य ध्येय घरवारविहीनलाई जग्गा उपलब्ध गराउनु र अव्यवस्थितरुपमा वर्षौंदेखि बस्दै आएका घरबासीलाई व्यवस्थित गर्दै प्रमाण पुर्जा दिनु रहेको साहको भनाइ छ। ऐलानी, पर्ती जग्गा प्रमाणपुर्जा वितरणको मुख्य स्रोत रहेको उहाँले जानकारी दिनुभयो।

आयोगकै विज्ञ सदस्य अधिवक्ता कृष्णप्रसाद बरालले १० वर्षभन्दा बढी समयदेखि घरबार बनाएर बसोबास गरेका प्रमाण पुग्नेलाई भने नक्सामा वनक्षेत्रकै जग्गा देखिए पनि स्थानीयतहको सिफारिस, ठहर र अन्य प्रमाणका आधारमा जग्गा दर्ता गर्न सकिने प्रावधान रहेको बताउनुभयो। अहिले भूमाफिया यही कुरोलाई आधार बनाएर आफ्नो हकभोग १० वर्ष पहिलेदेखिको देखाउन दौडधूपमा लागेका बर्दिबासका सर्वसाधारण बताउँछन्। वनक्षेत्र उजाडिनबाट बचाउन सबैको पहलकदमी आवश्यक भएको बर्दिबास-१४ का बासिन्दा नेपाली कांग्रेसका महासमिति सदस्य चिरिञ्जीवी हमालको भनाइ छ।

# लेखापरीक्षण प्रतिवेदन नबुझाउने ४६ दललाई स्पष्टीकरण

काठमाडौं, ६ वैशाख (रासस)।

निर्वाचन आयोग नेपालले लगातार तीन आर्थिक वर्षसम्म लेखापरीक्षण प्रतिवेदन नबुझाउने राजनीतिक दलहरूलाई स्पष्टीकरणसहित सफाइ पेश गर्न समय दिएको छ। आयोगले सोमबार आव २०७४/७५ देखि आव २०७६/७७ सम्म लगातार आयव्ययको लेखा परीक्षण प्रतिवेदन नबुझाउने ४६ राजनीतिक दललाई सात दिनको समय दिएको हो।

लेखा परीक्षण नबुझाउने दलहरूमा राष्ट्रिय त्रिमूल बहुजन समाजवादी पार्टी, नेपाली ग्रिन्स पार्टी, राष्ट्रिय जनएकता पार्टी, हाम्रो पार्टी, नयाँ सङ्घीयता जनधारणा पार्टी, मातृभूमी नेपाल पार्टी, नेपाल नागरिक पार्टी, नागरिक समाजवादी पार्टी, देशभक्त पर्यावरणीय सामाजिक मोर्चा, नेपाल न्यायिक दल, अखण्ड नेपाल पार्टी, लोक दल, युवा शक्ति नेपाल पार्टी, हाम्रो नेपाल पार्टी, राष्ट्रिय चुरेभावर पार्टी, सङ्घीय खम्बुवान लोकतान्त्रिक पार्टी नेपाल, दलित मुस्लिम जनशक्ति पार्टी, जनता पार्टी, आजाद जनता पार्टीलगायत छन्।

नेपालको संविधान र राजनीतिक दलसम्बन्धी ऐनअनुसार दलले आफ्नो आयव्ययको वास्तविक हिसाब किताब देखिने गरी लेखा राख्नुपर्छ। अभिलेख राख्ने प्रयोजनको लागि दलले जिम्मेवार पदाधिकारी तोकी त्यसको जानकारी आयोगलाई गराउनुपर्छ। ऐनको दफा ४१ को उपदफा (१) मा दलले आव समाप्त भएको छ महिनाभित्र आफ्नो आय र व्ययको लेखा परीक्षण कानूनबमोजिम इजाजत प्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराई एक महिनाभित्र आयोगमा पेश गर्नुपर्छ।

त्यसैगरी ऐनको दफा ४१ को उपदफा (३) मा उपदफा (१) बमोजिमको अवधि समाप्त भएको ४५ दिनभित्र आयोगले त्यस्तो दललाई त्यसरी लेखापरीक्षण प्रतिवेदन पेश नगर्नुको कारण खुलाई स्पष्टीकरण पेश गर्न आदेश दिन सक्ने प्रावधान छ। लेखापरीक्षण नगराएमा वा लेखापरीक्षण प्रतिवेदन आयोगमा नबुझाएमा तथा स्पष्टीकरण पेश नगरेमा रु २० हजारसम्म जरिवाना गर्न सक्ने ऐनमा व्यवस्था छ।

त्यसैगरी लगातार तीन वर्षसम्म लेखा परीक्षण प्रतिवेदन आयोगमा नबुझाउने राजनीतिक दललाई आयोगले रु ५० हजारसम्म जरिवाना गर्नुका साथै त्यस्तो दललाई त्यस्तो काम कारवाही छ महिनाभित्र सच्याउन आदेश दिन सक्ने ऐनमा व्यवस्था छ। ऐनको उक्त प्रावधानअनुसार लगातार तीन आवसम्म लेखापरीक्षण प्रतिवेदन आयोगमा बुझाएको नदेखिएका विभिन्न ४६ दलहरूलाई आयोगले औचित्यपूर्ण र चित्तबुझ्दो कारणसहित स्पष्टीकरण सहितको सफाइ पेश गर्न समय दिने गरी निर्णय गरेको सहसचिव एवं प्रवक्ता राजकुमार श्रेष्ठद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

आयोगले दलहरूलाई आय र व्ययको वास्तविक हिसाब किताब देखिने गरी लेखा राखिएको छ छैन ? राखिएको छैन भने के कति कारणले नराखिएको हो भन्ने प्रश्न गरेको छ। यस्तै आयोगले कानूनी व्यवस्था बमोजिम दलको आयव्ययको विवरण लेखा परीक्षण गराई तोकिएको समयावधि भित्रै आयोगमा पेश गर्नुपर्नेमा लगातार तीन आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन आयोगमा पेश गरेको नदेखिएकाले के कति कारणले पेश नगर्नु भएको हो त्यसको सोको औचित्यपूर्ण कारण खोजेको छ। ऐनबमोजिम लगातार तीन वर्षसम्म लेखा परीक्षण प्रतिवेदन आयोगमा नबुझाएमा आयोगले त्यस्तो दललाई रु ५० हजारसम्म जरिवाना गर्न सक्ने कानूनी व्यवस्था भएकाले उक्त जरिवाना किन नगर्ने भनी प्रश्न गरिएको छ।

## विश्व समाचार

### अफगानिस्तानको बाघलान भीडन्तमा आठको मृत्यु

पुल-ए-खुम्री, ६ वैशाख (रासस/सिन्ह्वा)।

युद्धग्रस्त अफगानिस्तानको उत्तरी बाघलान प्रान्तमा सोमबार भएको भीडन्तमा छ जना विद्रोही र दुई जना सुरक्षाकर्मीको मृत्यु भएको छ।

प्रान्तीय प्रहरी प्रवक्ता अहमद जावेद बशारातले बाघलान ए मर्काजी जिल्लाको सुरक्षा जाँच चौकीमा तालिबान लडाकू समूहले सुरक्षाकर्मीले आक्रमण गरेपछि सोमबार बिहानै भीडन्त भएको बताउनुभयो।

विद्रोही तालिबानले आफ्ना छ जना साथीको शव छाडेर भागेको पनि उहाँले जानकारी दिनुभयो।

भीडन्तमा छ जना सुरक्षाकर्मी र आठ जना विद्रोही घाइते भएका छन्। बशारातले भन्नुभयो, सुरक्षाकर्मीले बाघलान ए मार्काजी जिल्ला र त्यस आसपासमा सक्रिय विद्रोही विरुद्धको कारबाही जारी राखेका छन्। उक्त भीडन्तका बारेमा बाघलानका तालिबानी विद्रोहीले कुनै प्रतिक्रिया दिएका छैनन्।

### ब्राजिलमा एकै दिन एक हजार ६५७ जनाको संक्रमणबाट निधन

साओ पाओलो, ६ वैशाख (रासस/सिन्ह्वा)।

ब्राजिलमा कोभिड-१९ को सङ्क्रमणबाट एकै दिनमा एक हजार ६५७ जनाको ज्यान गएको बताइएको छ।

यहाँका स्वास्थ्य अधिकारीले सोमबार दिएको समाचारअनुसार यहाँ गत २४ घण्टामा एक हजार ६५७ जनाको कोरोना भाइरसको सङ्क्रमणबाट निधन भएको बताइएको हो।

योसँगै ब्राजिलमा अहिलेसम्ममा ज्यान जाने व्यक्तिको संख्या तीन लाख ७३ हजारभन्दा बढी पुगेको बताइएको ब्राजिलका स्वास्थ्य अधिकारीले जानकारी दिएका छन्।

गत २४ घण्टामा ब्राजिलमा ४२ हजार ९८० जना थप व्यक्तिमा कोरोना भाइरस सङ्क्रमण देखिएको पनि यहाँका स्वास्थ्य अधिकारीले जनाएका छन्।

पछि यहाँ कूल सङ्क्रमितको संख्या यहाँका एक करोड ३९ लाख ४३ हजारभन्दा बढी पुगेको पनि यहाँका स्वास्थ्य क्षेत्रका अधिकारीले जनाएका छन्।

ब्राजिलको स्वास्थ्य मन्त्रालयले सोमबार दिएको जानकारीमा यहाँ पछिल्लो समयमा मृत्यु हुने प्रतिशत पनि दिन प्रतिदिन बढ्दै गएको छ। यहाँ कोरोनाको नयाँ प्रजातिको भाइरसको प्रकोप देखिएपछि यहाँका नागरिकमा सङ्क्रमण हुने र मृत्युको दर पनि बढिरहेको अधिकारीले जनाएका छन्।

ब्राजिलका स्वास्थ्य अधिकारीले दिएको जानकारीअनुसार यहाँका प्रति एक लाख जनामा पाँच हजार ४८२ जनामा यो सङ्क्रमण हुने गरेको छ। त्यस्तै यहाँका सङ्क्रमितमा पनि पहिलेभन्दा धेरै नागरिकको ज्यान जाने गरेको पनि बताइएको छ।

ब्राजिलको साओ पाओलो शहर शुरुदेखि नै यो सङ्क्रमणको एक किसीमले केन्द्रबिन्दुको रुपमा रहेको छ। यस शहरका स्वास्थ्य संस्था भरिएका छन् भने ती संस्थाका करिब पूरैजसो आइसियु र आकस्मिक कक्ष भरिएका पाइएको छ।

यो वर्षको शुरुआतसँगै यहाँका नागरिकले कोरोनाको दोस्रो वेभको सङ्क्रमणको सामना गर्नु परिरहेको छ। यो वेभले यहाँको स्वास्थ्य प्रणालीमा नै समस्या उत्पन्न गरिरहेको अधिकारीले जनाएका छन्।

### भारतमा कोरोना सङ्क्रमित संख्या एक करोड ५० लाख नाघ्यो

नयाँ दिल्ली, ६ वैशाख (रासस/एएनआई)।

भारतमा कोरोनाभाइरसबाट अहिलेसम्म कुल सङ्क्रमितको सङ्ख्या एक करोड ५० लाख नाघेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले सोमबार जनाएको छ। सो मन्त्रालयले सोमबार दिएको जानकारीअनुसार कोरोना शुरु भएयता भारतमा हालसम्म एक करोड ५० लाख ६१ हजार ९१९ जना कोरोना सङ्क्रमित भएका छन्।

भारतमा कोरोनाभाइरसबाट एकै दिनमा दुई लाख ७३ हजार ८१० सङ्क्रमित भएका छन्। त्यसैगरी सोही अवधिमा भारतमा एक हजार ६१९ जनाको कोरोनाभाइरसका कारण मृत्यु भएको सोमबार जनाइएको छ। पछिल्लो विवरणसँगै भारतमा कोरोनाभाइरसबाट कुल मृतकको सङ्ख्या एक लाख ७८ हजार ७६९ पुगेको देखिएको छ।

भारतमा अहिले पनि सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्या भने १९ लाख २९ हजार पुगेको अधिकारीले जानकारी दिएका छन्।

पछिल्लो २४ घण्टामा एक लाख २८ हजार १३ जना कोरोनाभाइरसबाट सङ्क्रमणमुक्त भएको विवरण मन्त्रालयले सार्वजनिक गरेको छ। योसँगै अहिलेसम्म सङ्क्रमणमुक्त भएकाको कुल सङ्ख्या एक करोड २९ लाख ५३ हजार ८२१ पुगेको छ।

भारतमा गत जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान शुरु भएको थियो सो समयबाट अहिलेसम्म भारतमा १२ करोड ३८ भन्दा लाख व्यक्तिले खोप लगाएका छन्। कोरोना भाइरसको महामारी फैलिने क्रम एकातिर चलिरहेको छ भने अर्कोतर्फ कोरोनाभाइरस विरुद्धको खोप चलाउने क्रम पनि चलिनै रहेको छ।

भारतमा अहिले कोभिसिल्ड, कोभ्याक्सीन र स्पुट्नीक भी गरी तीन प्रकारका खोपको प्रयोग भइरहेको सरकारी निकायले जनाएका छन्। रुसले विकास गरेको स्पुट्नीक भी भने यही अप्रिल १२ देखि मात्रै लगाउन थालिएको अधिकारीले जानकारी दिएका छन्।

भारतमा आइतबार मात्रै १३ लाख ५६ हजार १३३ जनाको कोरोना परिक्षण गरिएको भारतीय स्वास्थ्य अनुसन्धान परिषद्ले जनाएको छ। अप्रिल १९ सम्म कूल २६ करोड ७८ लाखभन्दा बढीले कोरोना परीक्षण गरिएको पनि परिषद्ले उल्लेख गरेको छ।

भारतको राष्ट्रिय राजधानी दिल्ली सबभन्दा धेरै कोरोना प्रभावित राज्यको रुपमा रहेको छ। दिल्लीमा आइतबार एकै दिनमा २५ हजार ५०० जना कोरोना भाइरस सङ्क्रमित भएका १६१ जनाको मृत्यु भएको छ।

# राष्ट्रिय भिटामिन 'ए' कार्यक्रम सञ्चालन

काठमाडौँ, ६ वैशाख (रासस)।

सरकारले सोमबार र मंगलबार पाँच वर्ष मुनिका बालबालिकालाई भिटामिन 'ए' र जुकाको औषधि निःशुल्क खुवाउनका लागि 'राष्ट्रिय भिटामिन 'ए' कार्यक्रम' सञ्चालन गरेको छ।

स्वास्थ्य सेवा विभाग परिवार कल्याण महाशाखाअन्तगर्तको पोषण शाखाका प्रमुख केदार पराजुलीले भिटामिन 'ए' छ महिनादेखि पाँच वर्ष मुनिका बालबालिका र जुकाको औषधि 'अल्वेण्डाजोल' एक वर्षदेखि पाँच वर्ष मुनिका बालबालिकालाई खुवाउन थालिएको जानकारी दिनुभयो।

उक्त कार्यक्रमअन्तर्गत देशभरिका ५२ हजार केन्द्रबाट पाँच वर्ष मुनिका २७ लाख बालबालिकालाई भिटामिन 'ए' र २३ लाख ६० हजार बढी बालबालिकालाई जुकाको औषधि खुवाइँदै छ।

'राष्ट्रिय भिटामिन ए' कार्यक्रममा ५२ हजार स्वास्थ्य स्वयंसेविकामार्फत बालबालिकालाई खुवाउने गरिएको छ। उहाँले सोमबार खुवाउन बाँकी भएका बालबालिकालाई भोलि खुवाइने जानकारी दिनुभयो।

उहाँका अनुसार भिटामिन 'ए' छ महिनादेखि एक वर्ष उमेरसमूहका बालबालिकलाई आधा क्याप्सुल (एक लाख युनिट) र एक वर्षदेखि पाँच वर्ष मुनिकालाई एक क्याप्सुल (दुई लाख युनिट) तथा जुकाको औषधि एक वर्षदेखि दुई वर्ष उमेर समूहका लागि आधा टचाबलेट (२०० मिलिग्राम) र दुई वर्षदेखि पाँच वर्ष मुनिकालाई एक टचावलेट (४०० मिलीग्राम) खुवाउने गरिन्छ।

भिटामिन 'ए' खुवाउँदा बाल मृत्युदर ३० प्रतिशतले घटेको अध्ययनले देखाएको उहाँले जानकारी दिनुभयो। भिटामिन 'ए' कुषोषण, रतन्धोबाट बचाउनका लागि खुवाउने गरिन्छ।

सरकारले २०५३ सालबाट भिटामिट 'ए' र २०५८ सालदेखि जुकाको औषधि खुवाइँदै आएको छ। वर्षमा दुई पटक सरकारले भिटामिन 'ए' र जुकाको औषधि खुवाउने गरेको छ।

यस्तै भिटामिन 'ए' र जुकाको औषधिसँगै सोमबार बालभिटा वितरणसमेत गर्न थालिएको छ। बालभिटा छ महिनादेखि दुई वर्षमुनिका बालबालिकालाई खुवाइने गरिन्छ।

विसं २०७२ देखि शुरु गरिएको बालभिटा आठ लाख बालबालिकालाई खुवाउन थालिएको छ। बालभिटा ४६ जिल्लाका बालबालिकालाई दिइने गरिन्छ।

# खोपको दोस्रो मात्रा आजदेखि

काठमाडौँ, ६ वैशाख (रासस)।

सरकारले आजदेखि कोभिड-१९ को दोस्रो मात्राको खोप लगाउँदै छ। गत माघ १४ देखि फागुन १० गतेसम्म कोभिड-१९ को पहिलो मात्रा लगाएका व्यक्तिलाई दोस्रो मात्राको खोप लगाउन थालिएको स्वास्थ्य सेवा विभागका बाल स्वास्थ्य तथा खोप शाखाका प्रमुख डा झलक शर्मा गौतमले जानकारी दिनुभयो।

उहाँका अनुसार उक्त अवधिमा पहिलो मात्रा खोप लगाएका व्यक्तिले यही वैशाख ७ देखि ११ गतेसम्म आफूलाई पायक पर्ने खोप केन्द्रमा गई खोप लगाउने छन्। पहिलो खोप अभियानअन्तर्गत विभागले भारत सरकारको अनुदानमा प्राप्त र खरिद गरेको 'कोभिशिल्ड' खोपको मात्रा दिइएको थियो।

विभागले गत माघ १४ देखि १६ तथा माघ २७ देखि २९ गतेसम्म पहिलो मात्रा लगाएकाले वैशाख ७ गते, माघ १८ देखि २२ गते र फागुन २ गते लगाएकाले यही वैशाख ८ गते, माघ २३ र फागुन ३ गतेदेखि ५ गतेसम्म लगाएकाले वैशाख ९ गते, माघ २४ गते र फागुन ६, ८ र ९ गते लगाएकाले वैशाख १० गते र माघ ३० र फागुन ७ तथा १० गते लगाएकाले वैशाख ११ गते दोस्रो मात्राको खोप लगाउनका लागि भनेको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले दोस्रो मात्राको खोपका लागि उपत्यकाका विभिन्न अस्पतालमा केन्द्र बनाएको छ। पहिलो मात्रा करिब १८ लाख मानिसले लगाएका थिए।

**एक लाख २३ हजारलाई 'भेरोसेल'**

यस्तै चीन सरकारले अनुदानमा उपलब्ध गराएको 'भेरोसेल' एक लाख २३ हजारले लगाएका छन्। खोप शाखाका प्रमुख डा गौतमले सात जिल्लाका ४० वर्षदेखि ५९ उमेर समूहका एक लाख २३ हजारलाई 'भेरोसेल' खोप लगाइएको जानकारी दिनुभयो।

'भेरोसेल' गत चैत २५ देखि यही वैशाख ५ गतेसम्म काठमाडौँ, भक्तपुर, ललितपुर, रसुवा, नुवाकोट, काभ्रेपलाञ्चोक र सिन्धुपाञ्चोकका ४० वर्षदेखि ५९ वर्ष उमेर समूहका व्यक्तिलाई लगाइएको थियो। गत चैत १६ गते चीन सरकारको अनुदानमा आठ लाख मात्रा 'भेरोसेल' खोप नेपाल आएको थियो। उहाँले दोस्रो मात्राको खोप अभियान सकिएपछि पुनः 'भेरोसेल' खोप लगाइने जानकारी दिनुभयो।

# थप एक हजार २ सय ८१ जनामा कोरोना पुष्टि

काठमाडौँ, ६ वैशाख (रासस)।

थप एक हजार २८१ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ। योसँगै नेपालमा कोरोना भाइरसबाट सङ्क्रमितको सङ्ख्या दुई लाख ८५ हजार ९०० पुगेको छ।

थप सात हजार एक जनाको पिसिआर परीक्षण गर्ने क्रममा एक हजार २८१ जनामा तथा ५४७ जनाको एन्टिजेन विधिबाट कोरोना परीक्षण गर्दा ५४ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको हो। हालसम्म पिसिआर परीक्षण गराउनेको सङ्ख्या २३ लाख ५२ हजार ५०२ जना पुगेको छ।

हाल ८१ जना क्वारेन्टिनमा रहेको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता डा जागेश्वर गौतमले जानकारी दिनुभयो। सङ्क्रमितमध्ये काठमाडौँ उपत्यकाका ६३४ जना रहेका छन्। काठमाडौँ ५०५, ललितपुर ९७ तथा भक्तपुरमा ३२ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ।

हालसम्म दुई लाख ७५ हजार ५५५ जना कोरोना भाइरसबाट मुक्त भई घर फर्किएका छन्। पछिल्लो २४ घण्टामा देशभर २५५ सङ्क्रमित निको भएर घर फर्किएका छन्। हाल देशभर चार हजार ५६ सक्रिय सङ्क्रमित रहेका छन्। हाल सात हजार २५४ सङ्क्रमित होम आइसोलेशनमा रहेको मन्त्रालयले जनाएको छ।

नेपालमा कोरोना भाइरसको सङ्क्रमणबाट पछिल्लो समय आठ सङ्क्रमितको मृत्यु भएको छ। हालसम्म कोरोना भाइरसको सङ्क्रमणबाट तीन हजार ९१ जनाको मृत्यु भएको मन्त्रालयले जनाएको छ।

## सूचना

**नोभल कोरोना भाईरस (कोभिड-१९) रोगको संक्रमणबाट बच्न अत्यावश्यक कामबाहेक सीमावर्ती क्षेत्रमा आवतजावत नगर्नु हुन सम्पूर्ण नेपाली नागरिकहरुलाई सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार र सिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाइजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरुलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु
ipay remit
CITY EXPRESS Money Transfer
Best Remit Quick & Easy
PRABHU Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*